# हामीले इन्जीलको सत्यता कसरी जान्न सक्दछौं ?


लेखक

**सिकन्दर जजिद**

अनुवाद

**युसुफ यूहन्ना**

सम्पादन

**साबिर साफी**



प्रकाशक

**शुकुनको पैगाम**

पो.ब.नं. १६१५

काठमाडौं, नेपाल

इमेल : sukunkopaigam@yahoo.com

मो.नं. ९८०८०८३५२०

Mobile No. : 9808083520



© सर्वाधिकार प्रकाशकमा सुरक्षित


**प्रश्नहरू :**

हामीलाई थाहा भएकै कुरा हो कि कुरआन र बाइबलमा धेरै मिल्दाजुल्दा कुराहरू छन् तर पनि धेरै फरक कुराहरू पनि छन्। म सत्यताको खोजीमा रहेको व्यक्ति हुदाँ कृपया यी प्रश्नहरूको सही उत्तर दिनुहोस् भनी म तपाईं ईसा मसीहको अनुयायीलाई आग्रह गर्दछु।

**एक मुस्लीम भाई (लेबानोन)**

मेरा प्रश्नहरु यस प्रकारका छन् :

**१. खुदा ईसा मसीहका पिता हुनुहुन्छ भन्ने कुरा तपाईं कसरी प्रमाणित गर्नुहुन्छ ?**

**२. तौरात र इन्जील परिवर्तन गरिएको छ भनेर भनिन्छ। तपाईं के भन्नुहुन्छ ?**

**३. ईसा मसीह (क्रूस) सलिबमा मर्नुभयो भन्ने कुराको कुनै प्रमाण तपाईंसँग छ ?**

**४. के "इन्जीलका चारवटा किताबहरू" को अस्तित्व नै नयाँ करार (अहद्नामा) परिवर्तन गरिएको छ भन्ने कुराको प्रमाण होइन ?**

मेरा प्रिय मित्र,

तपाईंले इन्जीलका सत्यताहरू खोजतलास गर्ने इच्छा देखाउनुभएकोमा म अत्यन्त खुशी छु । तपाईंमा यो चाहना हुनु असल कुरा हो, किनकि ईसा मसीहका चेला (ह्वारी) पावलले यसो भनेका हामी पाउँदछौं: "सबै कुरा जाँच; जुन कुरा असल छ, त्यसलाई बलियो गरी समातिराख ।" (१ थेस्सलोनिकी ५ : २१)

तपाईंको चिठ्ठी पत्रको प्रश्नहरूलाई हेर्दा, तपाईंले केही ईसाई (ईमान) आस्थाहरूको बारेमा छलफल गर्न चाहनुभएको छजस्तो लाग्दछ । तैपनि, तपाईंको उत्सुकताले तपाईंलाई (किताबका मानिसहरू) अह्ले किताब सँग तर्कवितर्क गर्न लगायो, जुन कुरा कुरआनको यो आदेशको विपरीत छ, जहाँ यो भनिएको छ "ग्रन्थवाहकहरु (यहूदी र ईसाई) सँग वादविवाद नगर तर उत्तम ढंगले ।" (सूरह अल्-अन्कबुत २९:४६)

तर तपाईंले कुरआनको यो चेतावनी बिर्सिनुभएको छ जसले यसो भन्दछ, "कसरी तिनीहरुले तिमीलाई निर्णायक बनाउँदैछन् तिनीहरुसँग तौरात मौजूद छ जसमा अल्लाहका आदेशहरु लेखिएको छ" (सूरह अल्-माइदा ५:४३) । सम्वेदनशील ईसाई (ईमान) आस्थाहरूमध्ये अधिकांशलाई विरोध गर्ने प्रयासमा, तपाईंले (पाक) पवित्र बाइबललाई प्रयोग नगरी कुरआनका खण्डहरू प्रयोग गर्नुभएको छ जसलाई कुरआनले ईसाईहरू र मुस्लिमहरूबीच हुने कुनै पनि विवादहरूको निर्णायकको रूपमा नियुक्त गरेको छ । यो सत्यताको प्रमाण यो हो कि कुनै पनि (ईमान) आस्थाको सत्यता पुष्टि गर्नको लागि मुहम्मद स्वयम्ले ईसाईहरुलाई नै "अह्ले किताब" अर्थात किताबका मानिसहरू भनेर सम्बोधन गरिएको थियो । कुरआन यसो भन्दछ: "यदि तिमीलाई हामीले अवतरित गरेको ग्रन्थ प्रति शंका छ भने जुन व्यक्तिहरु तिमीभन्दा अघिका ग्रन्थहरु (तौरात र इन्जील) पढ्छन् तिनीहरुलाई सोध" (सूरह युनुस १०:९४) ।

यो आज्ञाले हरेक मुस्लिमलाई अह्ले किताब (किताबका मानिसहरु) सँगको कुनै पनि सैद्धान्तिक विवाद समाधान गर्न त्यही किताबले गर्ने न्यायलाई स्वीकार गर्न लगाउँदछ । त्यसै गरी, कुरआनको अर्को खण्डले यसो



भन्दछ: "हामीले तौरात अवतरित गरेका थियौं, जसमा मार्गदर्शन एवं ज्योति थियो । सम्पूर्ण सन्देष्टाहरु जो आज्ञाकारी थिए, यसै अनुसार यहुदी बनेकाहरूबीच फैसला गर्ने गर्थे । अनि धर्म अधिकारी तथा शास्त्रवेत्ताहरु पनि यसै (तौरात) लाई निर्णयको आधार बनाउँथे, किनभने तिनीहरु खुदाको ग्रन्थको संरक्षक बनाइएका थिए र तिनीहरु यसको पनि साक्षी थिए ....जसले खुदाद्वारा अवतरित कानून अनुसार निर्णय गर्दैनन्, तिनीहरू नै (अविश्वासीहरू) काफिर हुन्" (सूरह अल्-माइदा ५ :४४) ।

त्यसैले यसको अर्थ यो हुन्छ कि ईसाई चाहिँ कसै गरी पनि कुरआनका खण्डहरूले बाँधिएको हुँदैन । त्यसको विपरीत, कुरआनले यसो भन्दै ईसाईहरुलाई उसकै किताबमा टाँसिन आग्रह गर्दछ, : "ए (किताबका मानिसहरू) अह्ले किताब हो ! जबसम्म तिमीहरूले तौरात, इन्जील तथा तिमीहरूसमक्ष तिम्रा रबको तर्फबाट अवतरित गरेको कुरालाई कायम गर्दैनौ तबसम्म तिमीहरूको कुनै आधार हुनेछैन" (सूरह अल्-माइदा ५:६८) ।

अब म तपाईंले उठाउनुभएका धेरैवटा ईसाई सिद्धान्तहरूसम्बन्धी प्रश्नको जवाफ दिनेछु :

## ईसा मसीहको पुत्रपद सम्वन्धी सवालको जवाफ :

प्रिय मित्र, ईसा मसीहको पुत्रपदलाई चुनौती दिने प्रयासमा, तपाईंले कुरआनका दुईवटा पदहरू प्रयोग गर्नुभएको छ, सूरह अल-इखलास ११२ र सूरह मर्यम १९, तर तपाईंले सूरह अल्-अनामको एउटा पदलाई उल्लेख गर्न बेवास्ता गर्नुभयो जुन पदले यसो भन्दछ, "खुदा आकाशहरु एवं पृथ्वीका आविष्कारक हुन् । उनको कुनै छोरो कसरी हुन सक्छ जबकि उनको कोही पत्नी छैन ? सम्पूर्ण चिज उनैले उत्पत्ति गरेका हुन् र उनी सबै चिज जान्दछन्" (सूरह अल्-अन्आम ६:१०१) ।

मैले यो पद उल्लेख गर्नुको उद्देश्यचाहिँ इस्लामले ईसा मसीहको पुत्रपदलाई चुनौती दिँदाखेरि प्रस्तुत गर्ने तर्कहरूको कमजोरी तर्फ तपाईंको ध्यानाकर्षण गराउनु हो । इस्लामको उदय हुनुभन्दा पहिला, ईसाई मतका

केही अनुयायीहरू, अधिकांश (मुश्रिक) मुर्तिपूजक पृष्ठभूमिबाट भएकाले, एउटा झूटो शिक्षा फैलाए जसले भन्यो कि कन्य मर्यम अल्लाहका पत्नि हुन् । शायद तिनीहरूले उनलाई आफ्नी अरेबिक देवी "अल्-जारा" ठाने । यो झूटो शिक्षाको समूहले आफूलाई "मर्यमाइट्स" अर्थात् मर्यमका अनुयायीहरू भने । मुस्लिम विद्वान् अहमद अल-माक्रिजीले आफ्नो पुस्तक "अल्-काल-अल्-इब्रिजी" मा ति (मुश्रिक) मुर्तिपूजकहरूलाई उल्लेख गरे (पृ. २६) । त्यसै गरी, अर्का मुस्लिम लेखक, इब्न-हाजिमले आफ्नो पुस्तक "अल्-मिलाल वाल-अहवा वाल-निहाल" मा यो झूटो शिक्षालाई उल्लेख गर्दछन् (पृ. ४७) । हाल यसमाथि विश्वास गर्ने ईसाई एकजना पनि छैन । वास्तवमा ईसाईहरूले यसलाई पवित्र (पाक) खुदाको वैभवप्रति लक्षित ठुलो गरिएको अपमान ठान्दछन् जो सबै शारीरिक गुणहरूभन्दा श्रेष्ठ हुनुहुन्छ । सबै सच्चाँ ईसाई ( उलमा) ईश्वरशास्त्रीहरूले खुदाको हरेक (कलाम) वचन र तर्कहरू प्रयोग गरेर यो त्रूटिपूर्ण झूटो शिक्षा विरुद्ध सक्रिय रूपमा वकालत गरे र अन्ततः सातौं शताब्दीको अन्तमा यो झूटो शिक्षाको समूह बिलाइगयो ।

यी माथिका कुराहरूबाट, हामी यो कुरा देख्न सक्दछौं कि कुरआनले ईसाई सिद्धान्तको आलोचना गर्दैन तर यो मर्यमाइट (मर्यममा ईमान राख्ने) झूटो शिक्षालाई मात्र विरोध गर्दछ, जसको उत्पत्ति (मुश्रिक) मुर्तिपूजक (काफिर) अविश्वासीहरुबाट भएको थियो । मुर्तिपुजाको चलन इजिप्ट, अरेबिया र ग्रीसभरि व्याप्त भएको हुनाले, त्यसका भक्तहरूले यो विश्वास गरे कि तिनीहरूका ईश्वरहरूले विवाह गरे र सन्तान जन्माए । तैपनि ईसाईहरूले ईसा मसिहको पुत्रपद खुदाको एउटी पत्नीद्वारा शारीरिक प्रजननको माध्यमबाट भएको भन्ने कुरामा विश्वास गर्दैनन् । ईसा मसीह चाहिँ खुदा आफैबाट ईश्वरीय (खुदाई) प्राणीको रूपमा निस्किआउनुभएको अर्थमा मात्र खुदाका पुत्र हुनुहुन्छ भनी ईसाईहरूले विश्वास गर्दछन् । "इसा मसीह खुदाको कलाम हुनुहुन्छ र खुदाको (आत्मा) रुहबाट आउनुभएको हो ।"

प्रेरित पावलले यही सत्यतालाई जनाए जब तिनले यसो भनेः "ईसा मसीहको दास पावलबाट - जो प्रेरित हुनालाई बोलाइएको, खुदाका इन्जीलका निम्ति अलग पारिएको छ, जुन इन्जीलको प्रतिज्ञा उहाँले पहिल्यै पवित्र



शास्त्रहरूमा आफ्ना नबीहरूद्वारा आफ्ना पुत्र हाम्रा खुदावन ईसा मसीहको विषयमा गर्नुभएको थियो, जो शरीरअनुसार दाऊदको वंशबाट जन्मनुभयो, र (रुह तागत) पवित्रताको आत्माअनुसार उहाँ मरेकाहरूबाट जीवित भई उठ्नुभएको कारणले सामर्थ्यसहित खुदाका पुत्र ठहरिनुभयो ।" (रोमी १:१-४)

ईसा मसीहका (वचन) कलामहरूको आवलोकन गर्दा, हामीले उहाँको ईश्वरीय (खुदाई) पुत्रपदलाई पुष्टि गर्ने प्रष्ट घोषणाहरू पाउँदछौं, उदाहरणको लागिः "योनाका छोरा शिमोन, तिमी धन्य हौ, किनकि मासु र रगतले तिमीलाई यो कुरा प्रकट गरेको होइन, तर मेरा पिताले, जो (स्वर्ग) जन्नतमा हुनुहुन्छ ।" (मत्तीको इन्जील १६ :१७)

".....यसरी नै मेरा स्वर्गीय (आसमानी) पिताले पनि तिमीहरूलाई व्यवहार गर्नुहुनेछ ।" (मत्तीको इन्जील १८:३५)

"तपाईंहरूले मलाई किन खोज्नुभयो ? म मेरा पिताको काममा व्यस्त रहनुपर्छ भन्ने कुरा के तपाईंहरूलाई थाह थिएन ?" (लूकाको इन्जील २ :४९)

अनि ईसा मसीहले जवाफ दिनुभयो : "मेरा पिता अहिलेसम्म काम गर्नुहुन्छ, र म काम गर्छु ।" (यूहन्नाको इन्जील ५ :१७) हामीले इन्जीलमा ईसा मसीहले यहूदी धर्मगुरुहरुलाई यसो भन्नुभएको, "मेरा पितापट्टिबाट मैले तिमीहरूलाई धेरै असल कामहरू देखाएको छु । तीमध्ये कुन कामका निम्ति तिमीहरू मलाई ढुङ्गाले हान्छौं ?" (यूहन्नाको इन्जील १० :३२)

इन्जीलको किताबमा ईसा मसीहले यर्दन नदीमा बप्तिस्मा लिनुभयो भन्ने वर्णन पाइन्छ, जसले त्यस बेलामा (स्वर्ग) जन्नतबाट यसो भन्ने आवाज आयो भनी उल्लेख गर्दछ : "यिनी मेरा प्रिय पुत्र हुन् । यिनीसँग म अति प्रसन्न छु ।" (मत्तीको इन्जील ३:१७)

अनि आउनुहोस् हामी कुरआनको पदतर्फ फर्कौं "जसले जन्माउनुभएको छैन, र जन्माउँदै हुनुहुन्न ।" इमाम अल-बैदावीले यसलाई यसरी व्याख्या गर्दछन्: "जन्माउनुभएको छैन," यस अर्थमा हो कि खुदाले शारीरिक सम्पर्क राख्नुभएन र खुदालाई कुनै सहायक (पत्नी) वा उत्तराधिकारी (पुत्र) चाहिएको

थिएन.... "र जन्माउँदै हुनुहुन्न" अर्थात्, खुदालाई कुनै पनि कुराको अभाव छैन र उहाँभन्दा पहिला पनि कुनै कुराको अभाव थिएन। त्यसैले सूरह अल्-इख्लास ११२:१-४ मा प्रयोग गरिएको "जन्म" (वा निस्किआउनु) ले यौन, शारीरिक अर्थमा हुने जन्मलाई मात्र जनाउन सक्दछ। अनि यस अर्थमा, खुदाले स्त्रीसँग शारीरिक सम्बन्धद्वारा पुत्र जन्माउनुभयो भन्ने कुरा ईसाईहरूको आस्था (ईमान) होइन।

## मुहम्मदको कथित श्रेष्ठता

मुस्लिमहरूले मुहम्मदलाई अरू सबै नबीहरूभन्दा श्रेष्ठ ठान्दछन्।

यदि ईसा मसीह एक नबी मात्र हुनुहुन्थ्यो भने, कोचाहिँ महान् नबी हो भन्ने कुरा पत्ता लगाउन मैले तपाईंसँग वादविवाद गर्नेथिएँ होला। तैपनि, ईसा मसीह अरू सबै नबीहरू, सबै (स्वर्गदूत) फरिस्ताहरू र जिब्राईल फरिश्ताभन्दा पनि महान् हुनुहुन्छ। उहाँ स्वर्ग (जन्नत) र पृथ्वीका सारा सृष्टिभन्दा माथि हुनुहुन्छ: देखिने र नदेखिने कुराहरूभन्दा माथि। त्यसैले ईसा मसीह र मुहम्मदमध्ये को ठूलो भन्ने विषयबारे थप छलफल गर्नु आवश्यक छैन। यूहन्नाको इन्जील १:१-५ मा, हामी ईसा मसीहको बारेमा यसरी पढ्न पाउँदछौं: "शुरुमा कलाम (वचन) हुनुहुन्थ्यो, अनि कलाम खुदासँग हुनुहुन्थ्यो, अनि कलाम खुदा हुनुहुन्थ्यो। उहाँ नै शुरुमा खुदासँग हुनुहुन्थ्यो। सबै कुराहरू उहाँद्वारा हुनआए, अनि हुनआएका कुराहरूमध्ये कुनै पनि उहाँबिना हुन आएन। उहाँमा जीवन थियो, अनि त्यो जीवन मानिसहरूको ज्योति (नूर) थियो। अनि त्यो ज्योति अन्धकारमा चम्कन्छ, अनि अन्धकारले त्यसलाई बुझ्न सकेन।"

हिब्रूको पत्र ३:१-६ ले यसो भन्दछ, "यसकारण हे पवित्र भाइहरूहो, (स्वर्गीय) खुदाई बोलावटका भागीदारहरूहो, हामीले स्वीकार गरेका प्रेरित र महापूजाहारीलाई अर्थात ईसा मसीहलाई ध्यान देओ; जसरी (मुसा) मोसा आफ्नो सम्पूर्ण घरमा विश्वासयोग्य थिए, उसरी नै उहाँ पनि आफूलाई नियुक्त गर्नुहुनेप्रति विश्वासयोग्य हुनुहुन्थ्यो। किनकि जसरी घरको भन्दा घर बनाउनेको बढ़ी आदर हुन्छ, त्यसरी नै उहाँ पनि मोशाभन्दा बढ़ी महिमाको योग्य ठहरिनुभयो। किनकि हरेक घर कुनै मानिसद्वारा बनाइन्छ; तर जसले सबै थोक बनाउनुभयो, उहाँ खुदा हुनुहुन्छ।



अनि पछिबाट भनिने कुराहरूका गवाहीका निम्ति नबी मुसा (मोसा) आफ्नो सम्पूर्ण घरमा साँच्ची नै एउटा सेवकको रूपमा विश्वासयोग्य थिए; तर ईसा मसीह ता उहाँको आफ्नो घरमा पुत्रको रूपमा अधिकारी हुनुहुन्थ्यो; उहाँको घर हामी हौं, यदि हामीले यस भरोसा र आशाको आनन्दलाई बलियो गरी पक्रिराख्यौं भने।"

हामीले हिब्रूको पत्र १:१-६ मा पनि यसरी पढ्न पाउँदछौं, "खुदा, जो प्राचिनकालमा हाम्रा पिता पुर्खाहरूसँग विभिन्न समयमा र विभिन्न प्रकारले नबीहरूद्वारा बोल्नुभयो, यी अन्तिम दिनहरूमा चाहिँ हामीसँग आफ्ना पुत्रद्वारा बोल्नुभएको छ; जसलाई उहाँले सबै कुराहरूका हकवाला नियुक्त गर्नुभएको छ, जसद्वारा उहाँले संसारहरू पनि बनाउनुभयो; जो उहाँको महिमाको चमक र उहाँको व्यक्तित्वको पक्का प्रतिरूप हुनुहुन्छ, र आफ्नो सामर्थ्यको (वचन) कलामले सबै थोकहरू सम्हाल्नुहुन्छ; आफैद्वारा हाम्रा (गुनाह) पापहरू शुद्ध पारेपछि उहाँ उच्च स्थानमा महामहिमको दाहिने हातपट्टि बस्नुभयो; उहाँले (स्वर्गदूत) फरिश्ताहरूभन्दा जति बढ़ी श्रेष्ठ नाम हकद्वारा पाउनुभएको थियो, उहाँ तिनीहरूभन्दा त्यति नै उत्तम ठहरिनुभएको छ। किनकि फरिश्ताहरूमध्ये कसलाई उहाँले कुनै समयमा यसो भन्नुभयो ? 'तिमी मेरा पुत्र हौ, आज मैले तिमीलाई जन्माएको छु।' अनि फेरि, 'म उनका पिता हुनेछु, र उनी मेरा पुत्र हुनेछन्।' अनि फेरि, जेठालाई संसारमा ल्याउनुहुँदा उहाँ भन्नुहुन्छ : 'खुदाका सारा फरिश्ताहरूले उनलाई दण्डवत् गरून्।'"

जबुर २:७ ले यसो भन्दछ, "तिमी मेरा पुत्र हौ; आज मैले तिमीलाई जन्माएको छु।"

अझै, हामीले कलस्सीको पत्र १:१५ मा यसरी पढ्न पाउँदछौं, "उहाँ अदृश्य खुदावन्दका प्रतिरूप, सारा सृष्टिका जेठा हुनुहुन्छ।"

## इन्जीलको परिवर्तन

कुनै पनि धार्मिक (ग्रन्थ) किताबलाई परिवर्तन गरिएको आरोप लगाइन सक्दछ। तर आरोप लगाउनु र उक्त आरोपको प्रमाण प्रस्तुत गर्नुबीच ठूलो भिन्नता हुन्छ। तपाईंको पहिलो 'प्रमाण' यो हो कि इन्जीलले तलाकलाई प्रतिबन्ध लगाउँदछ, जबकि कुरआनले भने त्यसो गर्न अनुमति दिन्छ; अनि इन्जीलले मद्यपान गर्न अनुमति दिन्छ, तर कुरआनले त्यसलाई प्रतिबन्ध लगाउँदछ। निश्चित रूपमा योचाहिँ दुईवटा कारणहरूले गर्दा साँचो बुझाइमाथि आधारित नभएको अत्यन्त कमजोर विरोधजस्तो देखिन्छ:

१. इन्जीलले तलाकलाई प्रतिबन्ध लगाएको थिएन, तर तलाकसम्बन्धी तौरातको कानूनलाई (व्यवस्था २२४:१) व्याख्या गर्दा (उलमा) धर्मशास्त्रीहरू र फरिसीहरूले गर्ने वादविवादहरूलाई सीमित पार्न खोजेको थियो। ईसा मसीहले मानिसहरूलाई त्यो कुरामा फर्किजान आज्ञा दिनुभयो जुन कुरा खुदाले शुरूमै घोषणा गर्नुभएको थियो (उत्पत्ति २:२४)। तोकेरै भन्नुपर्दा, खुदाले पति र पत्नी जीवनभरि सँगै रहून् भनी चाहनुभएको थियो। खुदाको यो चाहनालाई पालन गर्दा यसले परिवारको हित गर्दछ, सार्वजनिक नैतिकताहरूको सुरक्षा गर्दछ र पत्नीलाई आमा र पतिको आत्मिक सहयोगीको रूपमा गरिने आदरको पात्र बनाउदछ। तथापि, ईसा मसीहले कुनै पनि वैवाहिक जोडीले व्यभिचार गरेको अवस्थामा मात्र तलाकलाई अनुमति दिनुभयो, जुन यस्तो घिनलाग्दो काम हो जसले विवाहको सम्बन्ध टुटाइदिन सक्दछ (मत्ती ५:३१)। हामीले हालैका वर्षहरूमा देखेका छौं कि केही मुस्लिम विद्वान्हरू र नेताहरूले परिवार र देशकै इज्जत बचाउनको निम्ति बारम्बार भइरहने तलाकलाई प्रतिबन्ध लगाउने कानुन लागू गरेका छन्। यो कामचाहिँ नबीले दिएका परम्पराअनुसार भएको हुन सक्दछ जसले यसो भन्दछ: "खुदाको लागि सबैभन्दा घृणित कामचाहिँ तलाक हो" (सुनान अबी दाऊद पुस्तक १३ : ३)।

२. इन्जीलले मद्यपान गर्न प्रोत्साहन दिँदैन, बरु त्यसको विरुदद्धमा चेतावनी दिन्छ, "अनि दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ; तर (रुह कुद्दुस) पवित्र आत्माले भरपूर होओ।" (एफेसीको पत्र ५ :१८)



यसले यसो पनि भन्दछ, "के यो तिमीहरूलाई थाह छैन ? अधर्मीहरू खुदाका राज्यका हकवाला हुनेछैनन्। धोका नखाओ; व्यभिचारीहरू, मुर्तिपूजकहरू, परस्त्रीगामीहरू, पुरूषगामीहरू, चोरहरू, लोभीहरू, (शराबी) मतवालाहरू, गाली बक्नेहरू र धुताहाहरू खुदाका राज्यका हकवाला हुनेछैनन्।" (१ कोरिन्थीको पत्र ६ : ९-१०)

थप रूपमा भन्नुपर्दा, कानुनी विषयहरूमा इन्जील र कुरआनबीच रहेका भिन्नताहरूले तपाईंलाई इन्जीलको किताब परिवर्तन गरिएको छ भनी न्याय गर्न अनुमति दिँदैन। यदि हामीले यही कुराबाट शुरू गर्ने हो भने, कुरआनले इन्जीलमा उल्लेख नै नगरिएका कुराहरूको निम्ति तलाक गर्न अनुमति दिने भएको हुनाले, कुरआन परिवर्तन गरिएको छ भन्नदेखि ईसाईरूलाई कुन कुराले छेक्न सक्दछ र ?

**प्रश्न. इन्जीलको किताबले भन्दछ कि ईसा मसीह (सलीब) क्रूसामा टँगाइनुभयो, तर कुरआनले भन्दछ कि उहाँ सलीबमा टँगाइनुभएन। कुन कुरा सही हो ?**

उत्तर : तपाईं यस्ता धेरै मानिसहरूजस्तो देखिनुहुन्छ जसले कुरआनको शब्द-शब्दलाई समातिराख्ने प्रयास गर्दछन् तर यहूदी जातिहरूले ईसा मसीहलाई (क्रूस) सलीबमा टाँगे भन्ने तिनीहरूकै गवाही कुरआनले हामीलाई बताउँदछ भन्ने कुरा चाहिँ बिर्सन चाहन्छन्। किनकि कुरआनले नै यसो भन्दछ, "हामीले नै अल्लाहका रसूल मर्यम पुत्र, ईसा मसीहको हत्या गरेका हौं" (सूरह अन्-निसा ४:१५७)।

यहूदी जातिले यही परम्परा बुबादेखि छोरालाई दिँदै पहिलो शताब्दीदेखि आजसम्म नै सार्दै आएको छ कि तिनीहरुले ईसा मसीहलाई सलीबमा टाँगेर मारे। तर तिनीहरूको गवाही नै ईसा मसीहलाई सलिबमा टाँगिएको घटनाको एक मात्र गवाही होइन। यो महान् घटनाको गवाही दिने अरू नबीहरूका भविष्यवाणीहरु तल दिइएको छ:

१. **भविष्यवाणीहरू** : यो खण्डन गर्नै नसकिने प्रमाण हो। शताब्दीऔं पहिला नै, सलीबमा हुने ईसा मसीहको मृत्युसम्बन्धी धेरैवटा विवरणहरू लेख्न नबीहरूलाई प्रेरणा दिइएको थियो; जस्तै,

**क) ईसा मसीहलाई चाँदीका तीस सिक्कामा बेच्ने कार्य –** "तब मैले तिनीहरूलाई भनें, 'तिमीहरूलाई असल लागे मलाई मेरो ज्याला देओ। होइन भने राख।' यसैले तिनीहरूले मलाई चाँदीका तीस टुक्रा दिए।" (जकरिया ११ : १२)

**ख) त्यो पैसाले कुमालेको जमीन किन्ने कार्य –** "खुदाले मलाई भन्नुभयो, 'त्यो पैसा कुमालेलाई फ्याँकिदे' - यो बहुमूल्य दाम जो तिनीहरूले मेरो निम्ति लगाए। तब मैले चाँदीका ती तीस टुक्रा लगेर खुदाको भवनको भण्डारमा कुमालेको निम्ति फालिदिएँ।" (जकरिया ११ : १३)

**ग) ईसा मसीहलाई (क्रूस) सलीबमा टाँग्नुभन्दा पहिला गिल्ला र ठट्टा गर्ने कार्य –** "कुकुरहरू मेरो चारैपट्टि छन्, कुकर्मीहरूको समूहले मलाई घेरेको छ, तिनीहरूले मेरा हात र मेरा खुट्टा छेड़ेका छन्। मेरा सबै हाड़हरू म गन्न सक्छु, मानिसहरू द्वेषसाथ मलाई एकटक लाएर हेर्छन्।" (जबूर २२ : १६, १७)

**घ) उहाँलाई लागेका ठूला चोटहरू –** "तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं।" (यशैया ५३:५)

**ङ) उहाँ कष्टमा पनि मौन रहनुभयो –** "ऊ थिचोमिचोमा पऱ्यो, र ऊसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन। मारिनलाई लगेको थुमाजस्तै ऊ डोऱ्याएर लगियो। आफ्नो ऊन कत्रनेको सामु भेड़ा मौन भएझैं उसले पनि आफ्नो मुख खोलेन।" (यशैया ५३:७)

**च) उहाँलाई कोर्रा लगाइयो र थुकियो –** "मैले मेरो पीठ मलाई पिट्नेहरूलाई, दाह्री लुछ्नेहरूलाई मेरो गाला फर्काइदिएँ। ठट्टा र थुकाइबाट मैल मेरो मुख लुकाइनँ।" (यशैया ५०:६)

**छ) तिनीहरूले उहाँलाई खिसी गरेर हाँसे –** "धेरै साँढ़ेहरूले मलाई घेरेका छन्, बाशानका बलिया साँढ़ेहरू मेरो चारैपट्टि छन्। आफ्नो शिकार फहराउने भोकाएका गर्जने सिंहहरू मेरो विरूद्ध आफ्ना मुख बाउँछन्।" (भजनसंग्रह २२ : १२,१३)



**ज) तिनीहरूले उहाँका वस्त्रहरू आपसमा भाग लगाए र उहाँका पोशाकका लागि गोला हाले –** "तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन्, र मेरो पोशाकको निम्ति तिनीहरूले चिट्ठा हाल्छन्।" (भजनसंग्रह २२ : १८)

**झ) पिताले उहाँलाई किन त्याग्नुभयो भनी उहाँ सोध्नुहुन्छ –** "हे मेरा खुदा, हे मेरा खुदा, तपाईंले मलाई किन त्याग्नुभएको छ ? मलाई बचाउनबाट तपाईं किन यति टाढ़ा हुनुहुन्छ ? अनि मेरो करुण- क्रन्दनका शब्दहरूबाट त्यति टाढ़ा ?" (जबूर २२ : १)

**ञ ) एउटा भालाले उहाँको कोखामा घोच्यो –** ".....तिनीहरूले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले घोचेका छन्, र जसरी एकमात्र पुत्रको लागि कोही शोक गर्दछ, त्यसरी नै तिनीहरू उनको लागि शोक गर्नेछन्, पहिले जन्मेको पुत्रको निम्ति गरेजस्तै शोक गर्नेछन्।" (जकरिया १२ : १०)

**ट) उहाँलाई चोरहरूको बीचमा (क्रूस) सलीबमा टँगाइयो र धनीसँग गाडियो –** "उसको (कब्र) चिहान दुष्टहरूसित बनाइयो, र मृत्युमा धनीहरू उसको साथमा थिए, यद्यपी उसले केही उपद्रव गरेको थिएन नता उसको मुखमा केही छल थियो।" (यशैया ५३:९)

**ठ) उहाँको एउटै पनि हड्डी भाँचिएन –** "खुदाले उहाँका सबै हाड़हरूको रक्षा गर्नुहुन्छ। तिनमा एउटै पनि भाँचिदैन।" (जबूर ३४ : २०)

नयाँ (अहदनामा) करारले दिने वर्णन पढ्ने हो भने, यी सबै भविष्यवाणीहरू अक्षरशः पूरा भएका हामी देख्दछौं।

२. **(क्रूस) सलीबको चिन्ह** : प्राचीन ईसाईहरुले (सलीब) क्रूसको चिन्हलाई सतावट आइपरेको समयमा पहिचानको माध्यमको रूपमा प्रयोग गरे। तिनीहरूले आफ्ना (कब्र) चिहानहरूमा र रोमी सम्राट निरोको बर्बरतादेखि लुक्दै, भेला हुने गुफाहरूमा सलीबको चित्र कोरे। रोम जाने जोसुकैले पनि यी चिन्हहरू देख्न सक्दछ।

३. **क्रूसमा टाँगिनुभएका ईसा मसीहको बारेमा उहाँका (ह्वारी) चेलाहरूले गरेका प्रचार** : पत्रूसले यहूदीहरूलाई यसो भने, "हे इस्राएली

मानिसहरूहो, यी कुराहरू सुन्नुहोस्: नासरतका ईसा मसीह खुदाबाट सामर्थ्यका कामहरू, (मोजेजा) अचम्मका कामहरू र चिन्हहरूद्वारा तपाईंहरूका निम्ति प्रमाणित गरिनुभएको मानिस हुनुहुन्छ; ती कामहरू खुदाले उहाँद्वारा तपाईंहरूकै बीचमा गर्नुभयो, जसरी तपाईंहरू आफै पनि जान्नुहुन्छ; उहाँलाई नै, जो खुदाको ठहराइएको योजना र पूर्वज्ञानअनुसार सुम्पिनुभएको थियो, तपाईंहरूले लानुभयो, अधर्मी हातहरूद्वारा (सलीब) क्रूसमा टाँग्नुभयो, र मार्नुभयो; उहाँलाई खुदाले मृत्युका पीड़ाहरूबाट छुटाईकन बौराएर उठाउनुभयो; किनकि त्यसको पक्राइमा उहाँ रहनु चाहिँ असम्भव थियो । (प्रेरित २ :२२-२४)

४. **ईसा मसीह स्वयम्‌का दावीहरू** : इन्जीलका किताबहरूका लेखकहरूले यो कुरा उल्लेख गरे कि ईसा मसीहले आफूलाई (सलीब) क्रूसमा टाँगेर मारिने कुरा बारम्बार उल्लेख गर्नुभयो कि तिनीहरू (गुनाह) पापदेखि (नजात) मुक्त हुनको लागि उहाँ (सलिब) क्रूसमा मर्नुपर्दथ्यो ।

यहाँ यस्तै एउटा अवस्थाको उदाहरण दिइएको छ: “अनि ईसा मसीहले माथि यरूशलेमतिर जाँदै गर्नुहुँदा बाटोमा बाह्रजना (ह्वारी) चेलाहरूलाई अलग्गै लानुभयो, र तिनीहरूलाई भन्नुभयो: ‘हेर, हामी माथि यरूशलेमतिर जाँदैछौं; अनि मानिसका पुत्र मुख्य पूजाहारीहरू र शास्त्रीहरूका हातमा पक्राइनेछन्, अनि तिनीहरूले उनलाई मृत्युदण्डको योग्य ठहराउनेछन्, अनि तिनीहरूले उनलाई गिल्ला गर्न, कोर्रा लाउन र (सलीब) क्रूसमा टाँग्नालाई अन्यजातिहरूका हातमा सुम्पनेछन्; र तेस्रो दिनमा उनी जीवित भई उठ्नेछन् ।’” (मत्तीको इन्जील २० :१७-१९)

५. **ईसाई परम्पराको अबिरल साक्षी** : ईसाईमतको शुरूदेखि नै ईसा मसिहका (ह्वारी) चेलाहरूले “प्रभुभोज” खाँदै आएका छन्, जसलाई ‘खुदावन ईसा मसीहको शरीर र रगतको सङ्गति’ पनि भनिन्छ । यो आज्ञा ईसा मसीह आफैले त्यो रातमा दिनुभएको थियो जुन रातमा उहाँलाई धोका दिइयो । उहाँले आफ्ना (ह्वारी) चेलाहरूलाई यो कार्य उहाँको सम्झनामा गर्न आज्ञा दिनुभयो ।



ईसा मसीहले यसो भन्नुभयो, “दुःख भोग्नुभन्दा पहिले तिमीहरूसित यो निस्तार-भोज (ईद फसह) खाने मैले साह्रै लालसा गरेको छु; किनकि म तिमीहरूलाई भन्दछु, जबसम्म खुदाको राज्यमा यो पूरा हुँदैन, तबसम्म म यसबाट कहिल्यै खानेछैनँ ।” अनि कचौरा लिनुभयो र धन्यवाद दिएर भन्नुभयो: “यो लेओ, र आपसमा बाँड; किनकि म तिमीहरूलाई भन्दछु, जबसम्म खुदाको राज्य आउनेछैन, तबसम्म म दाखको फलबाट कुनै रीतिले पिउनेछैनँ ।” अनि उहाँले राटी लिनुभयो, र धन्यवाद दिएर भाँच्नुभयो, र यसो भन्दै तिनीहरूलाई दिनुभयो: “यो मेरो शरीर हो, जो तिमीहरूका निम्ति दिइन्छ; मेरो सम्झनामा यो गर ।” (लूकाको इन्जील २२ : १५-१९)

ईसा मसीहले यो कुरा पुष्टि गर्नुभयो कि उहाँ हाम्रा (गुनाह) पापहरूको प्रायश्चित गर्नको लागि मर्नुभयो र उहाँ मानवजातिको लागि कुर्वान हुनुभयो । (ह्वारी) चेलाहरूले यो विधि पालन गरे र तपाईंलाई हस्तान्तरण गरेः ईसा मसीहले, उहाँलाई धोका दिइएको रातमा, रोटी लिनुभयो र धन्यवाद दिनुभएपछि, त्यसलाई भाँच्नुभयो र यसो भन्नुभयो, “यो मेरो शरीर हो, जो तिमीहरूका निम्ति तोड़िएको छ; मेरो सम्झनामा यो गर ।” यही प्रकारले खाना खाइसक्नुभएपछि उहाँले यसो भन्दै कचौरा पनि लिनुभयो: ‘यो कचौरा मेरो रगतमा भएको नयाँ वाचा हो; जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो गर्ने गर ।’” (१ कोरिन्थीको पत्र ११ : २३-२५)

६. **इतिहासको गवाही** : इतिहासले पनि ईसा मसीहको मृत्युको अभिलेख राखेको थियो । इतिहासकारहरूले यो घटनाको अभिलेख राखे र आफ्ना वर्णनहरूमा यसको बारेमा धेरै कुरा लेखे । ती इतिहासकारहरूमध्ये केहीको नाउँ यस प्रकार छ: तासितस, मुर्तिपूजक इतिहासकार, ईश्वी सन् ५५ मा; लुसियन, ग्रीक, सन् १०० मा लिखित; जोसेफस, यहूदी, जो (क्रूस) सलीबमा ईसा मसीह मृत्युको घटना भएको केही वर्षपछि जिएका थिए । ती सबै लेखहरू ईसा मसीहको जन्म, शिक्षाहरू, सलीबमा भएको मृत्यु र ईसा मसीह फेरि जीवित हुनुभएको बारेमा इन्जीलले दिने वयानसँग मेला खान्छन् ।

**७. रोमी अभिलेखहरूको गवाही** : सबैभन्दा महत्वपूर्ण अभिलेखचाहिँ पिलातसले सिजर ताइबेरियसलाई पठाएका प्रतिवेदन हो । यसमा तिनले ईसा मसीहका क्रियाकलापहरू, उहाँविरुद्ध यहूदीहरूले लगाएका आरोपहरू र दङ्गा भड्किन नदिनको निम्ति तिनले उहाँलाई सलीबमा टाँगेर मृत्यु दण्ड दिन कति आवश्यक थियो भन्ने कुरालाई विस्तृत रूपमा व्याख्या गर्दछन् । यो कागजातचाहिँ ईसाई विद्वान् टर्टिलिएनले ईसाईहरुको पक्षमा लेख्दाखेरि प्रयोग गरेका सबैभन्दा प्रमुख कागजातहरूमध्येको एक हो ।

**८. यहूदी तालमुदको गवाही** : यो कुरा सबैलाई राम्रोसँग थाहा छ कि यहूदीहरू त्यो जाति हुन् जसले (मुसा) मोसाले लेखेका तौरात पालन गर्दछन् । 'तालमुद' भनिने यहूदी परम्पराको अर्को महत्वपूर्ण किताबको बारेमा थोरैलाई मात्र थाहा छ । यो किताबमा तिनीहरूका पितापुर्खाहरूका परम्पराहरूको सङ्कलन पाइन्छ, जुन धेरै अवस्थाहरूमा, खुदाले दिनुभएको व्यवस्थाको प्रतिलिपि हुन्छ । ईसा मसीहले यसो भन्दै यस विषयमा यहूदीहरूलाई हप्काउनुभयो, "तिमीहरू किन आफ्नो रीतिथितिद्वारा खुदाको आज्ञालाई भङ्ग गर्दछौ ?" (मत्तीको इन्जील १५ : ३)

तालमुदको पृष्ठ ४२ मा हामी यसरी पढ्न पाउँदछौं कि, "ईसा (ईद फसह) निस्तार चाडको एक दिन पहिला सलीबमा टँगाइनुभयो, र उहाँलाई मारिनेछ भनी ४० दिन पहिला नै भन्नुभएको थियो किनभने उहाँ जादुगर हुनुहुन्थ्यो र उहाँले इस्राएललाई धोका दिएर बराल्न लाग्नुभएको थियो ।"

**९. कुरआनको गवाही** : ईसा मसीहको मृत्युलाई पुष्टि गर्ने कम्तिमा पनि पाँचवटा खण्डहरू कुरआनमा छन् । तीमध्ये तीनवटाले 'मृत्यु' वा 'बित्नु' शब्दहरू प्रयोग गर्दछन्:

१. सूरह मर्यम १९:३३
२. सुरह आले -इमरान् ३:५५
३. सूरह अल-मैदाह ५:११७



अन्य खण्डहरूले 'मार्नु वा हत्या गर्नु' शब्द चलाउँदछन्:

१. सुरा अल्-बकरह् २ : ८७
२. सुरा आले-इमरान् ३ : १८३

**१०. ईसा मसीहको मृत्युबाट बौरी उठाईको गवाही** : ईसा मसीहको बौरिउठाइ नै शायद सलीबमा भएको उहाँको मृत्युको सबैभन्दा बलियो प्रमाण हो, किनभने पवित्र इन्जीलले हामीलाई भन्दछ कि "अनि त्यसपछि अरिमथियाको यूसुफले, ईसा मसीहका चेला (ह्वारी) भएका हुनाले, तर यहूदीहरूको डरले गर्दा गुप्त थिए, ईसा मसीहको शरीर लैजान पाऊँ भनी पिलातसलाई विन्ती गरे; अनि पिलातसले अनुमति दिए । यसकारण तिनले आएर ईसा मसीहको शरीर लगे । अनि निकोदेमस पनि, जो पहिले ईसा मसीहकहाँ राती आएका थिए, पचास सेरजति मिसाएर बनाएको गन्धरस र अगरू लिई आए । तब तिनीहरूले ईसा मसीहको शरीर लगे, अनि यहूदीहरूको लाश गाड्ने रीतिअनुसार यसलाई सुगन्धित मसलाहरूसित सुती कपड़ाहरूमा लपेटे । अब उहाँ सलीबमा टँगाइनुभएको ठाउँमा एउटा बगैंचा थियो; अनि त्यस बगैंचामा एउटा नयाँ चिहान (कब्र) थियो, जसमा कहिल्यै कुनै मानिस राखिएको थिएन ।

यसकारण यहूदीहरूको तयारीको दिनको कारणले गर्दा तिनीहरूले ईसा मसीहलाई त्यहीं राखे, किनकि त्यो चिहान (कब्र) नजिकै थियो ।" (यूहन्नाको इन्जील १९ : ३८-४२) ।

तर तेश्रो दिनमा, झिसमिसे हुनुभन्दा अगावै, एउटा ठूलो भुइँचालो गयो, किनकि खुदाका एक फरिश्ता (जन्नत) स्वर्गबाट ओर्लिआए र (कब्र) चिहानको मुखमा रहेको ठूलो ढुङ्गा गुडाइदिए । यो देखेर पहरेदारहरू डराए, जसले पिलातसको आदेशअनुसार त्यो (कब्र) चिहानमा छाप मारेपछि लाशको पहरा गरिरहेका थिए । ती फरिश्ताको आँखै तिरमिर पारिदिने स्वरूपले गर्दा ती पहरेदारहरूले ईसा मसीह बौरेर उठ्नुभएको नदेखेका हुन सक्दछन् । तैपनि, मरियम मग्दलिनी र उनका साथीहरू बिहान सबेरै लाश हेर्न आउँदा,

ती फरिश्ता आफैले तिनीहरूलाई यो जानकारी दिए कि ईसा मसीह मृत्युबाट जीवित भई उठ्नुभएको छ ।

त्यसैले, त्यो बौरिउठाइचाहिँ सलिबमा टाँगिएका जन खुदावन ईसा मसीह हुनुहुन्थ्यो भन्ने कुराको अकाट्य प्रमाण हो, किनभने खुदावन ईसा मसीह आफैले यहूदीहरूलाई यसो भन्नुभएको थियो, "यस मन्दिरलाई भत्काइदेओ, अनि म यसलाई तीन दिनमा खड़ा गर्नेछु ।" (यूहन्नाको इन्जील २ : १९) । यो कुरालाई इन्कार गर्ने हरेकले प्रष्ट रूपमा नै खुदा, ईसा मसीह र ती फरिश्ताहरूलाई साथै मानवजातिलाई अलमल्लमा पारेको दोष लगाइरहेको हुन्छ ।

यहूदीहरूले ईसा मसीहलाई मार्नुको उद्देश्य ईसाईमत फैलन नदिनु थियो, किनभने तिनीहरूले उहाँको सन्देशमा तिनीहरूको साँघुरो धर्मान्धयुक्त भेदभावलाई अन्त्य गर्ने कुरा रहेको थियो भन्ने तिनीहरूले थाहा पाए । त्यसैले उहाँलाई मृत्यु दण्ड दिन लगाउन रोमी अधिकारीहरूलाई विस्वस्त पार्न सफल हुँदा, र उहाँलाई (कब्र) चिहानमा राखिँदा, तिनीहरूले आफ्नो लक्ष्य हासिल गरेको ठानेका थिए ।

तर खुदाको इन्जीललाई दुष्टका शक्तिहरूले रोक्न सक्दैनन् । अनि यो छिट्टै नै पृथ्वीका टाढा-टाढाका कुनाहरूसम्म फैलियो । हजारौं मानिसहरू ईसा मसीहको सलीबतिर आकर्षित भएका थिए ।

अनि त्यसैले यहूदीहरूले आफ्ना लक्ष्यहरू हासिल गरेनन्, तर तिनीहरूले त्यसो गरेका थिए भनी कल्पना मात्र गरे....अनि कुरआनका (कलाम) शब्दहरू छ सय वर्षपछि आए । उहाँको बारेमा वादविवाद गर्नेहरू आफ्नै सत्यताहरूबारे निश्चित थिएनन् र तिनीहरूले आफ्नै विचारहरू साँचो भएका ठाने । ति यहूदीहरूले वास्तवमा उहाँलाई मारेनन्, किनभने "उहाँ तीन दिनपछि बौरिउठ्नुभयो !" भन्ने विश्वास राखे । त्यसपछि कुरआनका शब्दहरू यो महत्वपूर्ण घटनाको पुष्टिको रूपमा आए: "र, शान्ति नै शान्ति छ ममाथि जुन दिन म जन्में, जुन दिन म मर्नेछु र जुन दिन मलाई जीवित पारेर उठाइनेछ" (सूरह मर्यम १९:३३) । अनि, "हे ईसा, अब म तिमीलाई



नियन्त्रणमा लिनेवाला छु । र तिमीलाई आफूतिर उठाउनेवाला छु, अस्वीकार (कूफ्र) गरेका मानिसहरुबाट पवित्र गर्नेवाला छु ...." (सूरह आले-इमरान् ३:५५) ।

अब म तपाईंले आफ्नो पत्रमा लेख्नुभएको रोचक कथाको बारे मा छलफल गर्न चाहन्छु जुन मुस्लिमहरूमाझ व्याप्त एउटा दन्त्य कथा मात्र हो । छोटकरीमा भन्नुपर्दा, ईसा मसीहको सट्टामा अर्कै व्यक्तिलाई सलीबमा टाँगिएको थियो भनी यसले दाबी गर्दछ । म यसो भन्न चाहन्छु कि ईसा मसीह जन्मिनुभन्दा पहिला भविष्यवक्ताहरूले भनेका कुराहरू र ईसा मसीह आफैले गर्नुभएका घोषणाहरूले यो "अर्कै व्यक्तिको" कथालाई असफल आविष्कार मात्र होइन, एउटा अत्यन्त तुच्छ दन्त्यकथा पनि बनाइदिन्छ । यसको अति खराब त्रुटि यो हो कि यसले महिमित, सर्वशक्तिमान् खुदालाई अधर्मी र मक्कारी (धोकेवाज) बनाइदिन्छ । खुदाले अर्कै व्यक्तिमाथि ईसा मसीहको स्वरूप राखिदिनुभयो, जुन व्यक्ति त्यसपछि उहाँको सट्टामा सलीबमा मऱ्यो र त्यो मर्ने व्यक्तिले सलीबमा टाँगिदा यस विषयमा केही पनि भनेन भन्ने कुराभन्दा बढी अन्याय के हुन्छ र ? अनि खुदाले इसा मसीह आफ्नो कुर्बानी (बलिदान) को मृत्युद्वारा संसारलाई छुटकारा दिन आउनुहुनेछ र तिनीहरूका पाप (गुनाह) हटाइदिनुहुनेछ भनेर भविष्यवक्ताहरूलाई प्रेरणा दिनुभयो भन्ने कुराभन्दा ठूलो धोका के हुन्छ र ? तैपनि उहाँले कुनै पनि कारणहरूको व्याख्या नै नगरी अर्को व्यक्तिलाई मर्न दिने र उहाँको ईमानदारितप्रति मानिसहरूलाई शङ्कामा छोड्ने गरी उहाँले आफ्ना योजनाहरू परिवर्तन गर्नुपर्ने समय कहिले आयो ? गतल रूपमा बलिदान (कुर्वान) दिन लगाइएको कुनै पनि व्यक्तिले आफूलाई मार्न लगिनुभन्दा अघि आफू निर्दोष भएको कुरा संसार नै हल्लाउने गरि चिच्चाउँदै कराउथ्यो होला भन्ने के तपाईं ठान्नुहुन्न ?

हो, यस्तो कथा यति तुच्छ हुन्छ कि असल दिमाग हुने सबैले यसलाई ईन्कार गर्नुपर्दछ । फलस्वरूप, आदरणीय सच्चाँ मुस्लिम विद्वान्हरूले यस कथालाई ईन्कार गरेका छन्, जसमध्ये सबैभन्दा प्रमुख व्यक्तिचाहिँ फक्र-इर्द-दीन अल-राजी हुन् । उहाँले नै यसबारे गहन रूपमा अनुसन्धान गरे र यो काल्पनिक कथा चाहिँ सबैले विश्वास गरेको सत्य घट्नालाई जानाजानी

बङ्ग्याइएको घटना हो भन्ने निष्कर्ष निकाले । तिनले गरेका सूरह आले-इमरान् ३:५५ को व्याख्यामा यो विषयसम्बन्धी तिनको टिप्पणी पढ्नुहोस् ।

**वचन (कलाम) हरूको परिवर्तन :**

तपाईंले आफ्नो पत्रमा यसो भन्नुभयोः "म विश्वास गर्दछु कि ईसाले, (उहाँलाई शान्ति होस्), उहाँलाई सलीबमा टाँग्ने तिनीहरूको षड्यन्त्र थाहा पाउनुभएपछि, 'उहाँको किताब पृथ्वीमा छोड्नुभयो ।' उहाँको स्वरूप दिइएको अर्को मानिसलाई सलीबमा टँगाइएपछि, ती सबै किताबहरू जलाइए । त्यसैले केही मानिसहरूले आफूलाई थाहा भएका केही कुराहरू फेरि लेखे र आफूले पत्ता लगाएका धेरैवटा बनावटी कुराहरू थपे । यसले नै हामीलाई आपसमा फरक रहेका ईन्जीलका धेरैवटा किताबहरू कसरी लेखिए भन्ने कुरा व्याख्या गरिदिन्छ । त्यसै गरी तौरत परिवर्तन गरिएको छ किनकि योचाहिँ नबी मूसालाई दिइएकोजस्तो छैन । त्यसको तुलनामा कुरआनलाई टुक्र्याइएको वा परिवर्तन गरिएको छैन । "

कुरआन टुक्र्याइएको वा परिवर्तन गरिएको सम्भाव्यताको बारेमा म तपाईंसँग तर्कवितर्क गर्न चाहन्नँ; त्यो मेरो सरोकारको विषय होइन । तैपनि, कुन-कुन किताबहरू पूर्ण रूपमा जलाइएका थिए भनेर तपाईंसँग प्रश्न गर्ने सामान्य अधिकार मसँग छ । यदि तपाईं इन्जीलका किताबहरूलाई जनाउनुभएको हो भने, यो कुरा असम्भव हुन्छ किनभने ती तौरातको समयमा लेखिएकै थिएनन् । यदि तौरातका किताबहरूलाई जनाउन खोजिएको हो भने, तिनलाई सदैव यहूदी मन्दिरहरूमा र सभाघरहरूमा कडा सुरक्षाका साथ राखिएको थियो । ईसा मसीहले नै एउटा किताब लेख्नुभएको थियो जसलाई उहाँले पृथ्वीमा छोड्नुभयो र त्यो किताब-जलाउनेहरूको हातमा पर्‍यो भनी तपाईंले भन्नु खोज्नुभएको हो कि तिनीहरूले त्यसका खण्डहरू परिवर्तन गरे भन्न खोज्नुभएको हो भन्ने कुरा मलाई थाहा छैन ।

सोचविचार गर्ने सही दिमागलाई अस्वीकार्य हुने यो कथाबारे एकजना मुस्लिम पनि तपाईंसँग सहमत हुन्छ भनी म सोच्दिनँ । विशेष गरी, मुस्लिमको कुरआनले इन्जीलको सत्यताको साक्षी यसो भन्दै दिएको छ, "हे अह्ले



किताब (किताबका मानिसहरू) हो ! जबसम्म तिमीहरुले तौरात, इन्जील तथा तिमीहरुसमक्ष तिम्रा रबको तर्फबाट अवतरित कुरालाई कायम गर्दैनौ तबसम्म तिमीहरुको कुनै आधार हुनेछैन" (सूरह अल्-माइदा ५ :६८) । फेरि, "र इन्जीलधारीहरुले त्यस कानुन अनुसार फैसला गरुन् जुन त्यसमा अल्लाहले अवतरित गरेका छन्" (सुरह अल्-माइदा ५ :४७) ।

यदि हामीले यी पदहरूमा, पवित्र बाइबलमा लेखिएको कुरा माथि विश्वास गर्न मुहम्मदलाई दिइएको आज्ञालाई थप्ने हो भने (सूरह अश्-शूरा ४२ :१५ पढ्नुहोस्), तपाईंले एउटा लज्जास्पद प्रश्नको सामना गर्नुपर्दछ, जुन यो हो किः ईसा मसीह स्वर्ग (आसमान) जानुभएको सयौं वर्षपछि, खुदाले मुहम्मदलाई एउटा त्रुटिपूर्ण किताबमाथि विश्वास गर्न आज्ञा गर्नु कतिको असल कुरा हो ?

हरेक पुस्ता र उमेरका मुस्लिमहरूले कुरआन पढेर पवित्र बाइबलमाथि विश्वास गरेको सत्यतासँग तपाई अन्जान हुनुहुन्छ भन्ने मलाई लाग्दैन । किनकि कुरआनले यसो भन्दछ, "हे ईमानवालाहरूहो ! अल्लाहमाथि, उनका रसूलमाथि र यसभन्दा पहिले अवतरित गरेको ग्रन्थमाथि ईमान ल्याऊ ।" (सूरह अल-निसा, ४:१३६) । अनि, "अल्लाहले तिमीहरुको लागि त्यही धर्म निर्धारित गरेका छन् जसको आदेश उनले नूहलाई दिएका थिए । अनि, जसको प्रकाशना (हे मुहम्मद) हामीले तिमीतर्फ गरेका छौं र जसको आदेश हामीले इब्राहिम, मूसा तथा इसालाई दिएका थियौं कि धर्मलाई स्थापित गर र यसमा मतभेद नगर ।" (सूरह अश्-शूरा ४२ :१३) ।

यदि हामीले कुरआनको गहन रूपमा अध्ययन गर्ने हो भने, यसका पृष्ठहरूभित्र तौरात र इन्जीलको सत्यताका दशौंवटा साक्षीहरू मात्र होइन, तर खुदाले उहाँको वचन नाश पार्न वा परिवर्तन गर्नदेखि बचाउनुहुने धेरैवटा प्रतिज्ञाहरू पनि भेट्टाउँदछौं । तीमध्ये केही यस प्रकार छन्ः

"निस्सन्देह हामीले नै धर्मग्रन्थ (किताब) अवतरित गरेका हौं र हामी नै यसको सुरक्षा गर्छौं" (सूरह अल-हिज्र, १५ः ९) ।

".... र तिमीले अल्लाहको सुन्नतमा कुनै परिवर्तन पाउने छैनौ" (सूरह अल-अह्जाब, ३३:६२)।

"अल्लाहको वाणी कसैले परिवर्तन गर्न सक्दैन" (सूरह अल्-अन्आम, ६:३४)।

खुदाको वचन (कलाम) परिवर्तन भएको छ भनेर भन्नुचाहिँ कलामको रक्षा गर्ने भनी कुरआनमा लेखिएका खुदाका प्रतिज्ञाहरू असफल भएका छन् भन्ने कुरा स्वीकार (कबुल) गर्नु हो। यो असम्भव हुन्छ किनकि खुदा विश्वासयोग्य र धर्मी, उहाँको (वचन) कलामको रक्षा गर्न सक्नुहुने हुनुहुन्छ। यो विशेष रूपमा साँचो हुन्छ किनकि उहाँको सत्यता र उहाँको पवित्रताले यो कुराको माग गर्दछन्। अन्तमा, मेरा मित्र, कुरआनले यसो भन्दाखेरि तपाईं के गर्नुहुन्छ, "भनिदेऊ, तिमीहरु सच्चा हौ भने यी दुवै (तौरात र इन्जील) भन्दा राम्रो मार्ग देखाउने ग्रन्थ अल्लाहको तर्फबाट ल्याऊ, र म त्यसको अनुसरण गरूँ।" (सुरह अल-कसस, २८:४९)।

अनि सत्यलाई निष्पक्षरूपमा प्रस्तुत गर्दै, म तिनीहरूलाई चुनौती दिन चाहन्छु जसले खुदाको (कलाम) वचनहरू परिवर्तन गरिएको दोष लगाउँदछन् कि ती परिवर्तनहरू कहिले र कुन समयमा गरिएका थिए ?

यदि इन्जीलका परिवर्तनहरू इस्लामको उदय हुनुभन्दा पहिला गरिएका थियो भने, किन कुरआनले पवित्र बाइबलमा भएका कुराहरू र तिनको सत्यता पुष्टि गर्दै बाइबल (तौरात र इन्जील) साँचो भनी किन प्रमाणित गऱ्यो त ? यदि ती कथित परिवर्तनहरू इस्लाम धर्म विस्तार भएपछि भएका थिए भने, यो दाबी पनि अमान्य हुन्छ किनकि इस्लामभन्दा तीन शताब्दी पहिलादेखि पवित्र बाइबलका प्राचीन हस्तलिपिहरू सङ्ग्रहालयहरूमा राखिएका छन्। यी हस्तलिपिहरूको विषयवस्तु हाल वितरण गरिने प्रतिहरूका विषयवस्तुभन्दा कुनै पनि अर्थमा भिन्दै छैनन्।

त्यसैले कुरआनले खुदाको ती अमूल्य कलामहरू (तौरात र इन्जील) खुदाले मानिसको अगुवाइ र दयाको लागि तल अवतरित गरिएको सत्यता हो भनी प्रमाणित पनि गर्ने र साथै तौरात र इन्जील परिवर्तन भएको छ भनेर पनि भन्नु कत्तिको जायज हुन्छ ?



व्यावहारिक रूपमा हेर्दा, साच्चै यस्तो भएको थियो भने, यसको अर्थ यो हुन्छ कि कुरआन उक्त ग्रन्थहरुको (तौरात र इन्जील) रक्षा गर्ने आफ्नो काममा असफल भएको थियो। किनकि यसले यसो भन्दछः "हे सन्देष्टा, हामीले तिमीमाथि सत्यताका साथ ग्रन्थ अवतरित गर्‍यौं जसले पहिलेका ग्रन्थहरू (तौरात र इन्जील) लाई पुष्टि गर्दछ र जो तिनको संरक्षक पनि हो।" (सूरह अल्-माइदा, ५:४८)।

यो विषयको बारेमा एउटा अन्तिम प्रश्न छः तौरात परिवर्तन गरिएको छ भन्ने सम्बन्धी विवादलाई समाधान गर्ने बलिया (तार्किक) पक्षहरूको सामु यी कथित परिवर्तनहरूको के स्थान हुन्छ ? यहूदीहरूले त्यसलाई ईसा मसीह आउनुभन्दा पहिला नै परिवर्तन गरे भन्नु (नजायज) अनुचित हुन्छ। नत्र भने ईसा मसीहले त्यसलाई पुष्टि गर्नुहुनेथिएन र त्यसबाट उद्दरण गर्नुहुनेथिएन। यहूदीरूले तौरातलाई ईसा मसीह आउनुभएपछि परिवर्तन गरे भन्नु पनि उत्तिकै (नजायज) अनुचित हुन्छ किनभने त्यसो गर्नाले ईसाईहरूको विरोध सहनुपर्दथ्यो। वास्तवमा पवित्र किताबहरूका विषयवस्तुहरू परिवर्तन गर्ने कार्यमा यहूदीहरू र ईसाइहरू सहमत हुनु असम्भव छ किनभने पहिलो कुरा, यी समूहहरू आपसमा नमिल्ने मानिसहरू हुन् र दोश्रो कुरा, पवित्र बाइबल सारा संसारभरि र धेरै भाषाहरूमा फैलिएको थियो। त्यसको विषयवस्तु परिवर्तन गर्नको लागि ती असङ्ख्य प्रतिहरू जम्मा गर्ने कुनै उपाय थिएन।

## ६. इन्जीलका धेरैवटा किताबहरू

इन्जील र पत्रको एकभन्दा बढी किताब अस्तित्वमा छ भन्ने कुराले तिनको विषयवस्तु परिवर्तन गरिएको छ भन्ने तपाईंको दाबी अफसोसजनक छ। यस्तो लाग्दछ कि इन्जीलका चारवटा किताबहरू, पत्रहरू, प्रकाशको किताब र प्रेरितको किताब सबै मिलेर "नयाँ करार" (नयाँ अहदनामा) बनेको छ भन्ने कुरा तपाईंलाई थाहा छैन।

त्यसकारण, (नयाँ अहदनामा) नयाँ करारमा धेरैवटा किताबहरू हुनुको अर्थ इन्जील परिवर्तन गरिएको छ भन्ने हुँदैन, न कि कुरआनमा रहेका ११४ सूरहरूले नै कुरआन परिवर्तन गरिएको छ भन्ने कुराको प्रमाण दिन्छन् ।

**हरेक प्रश्नको एउटा जवाफ छ :**

यदि हामीले यो किताबमा गरेका पदहरूको व्याख्याले तपाईंले चाहनुभएको व्याख्या प्रदान गर्दैन भने, वा खुदाको (कलाम) वचनको बारेमा तपाईंसँग कुनै प्रश्न छ भने, कृपया हामीलाई पत्राचार गर्नुहोस् । हामी प्रेमपूर्वक तपाईंको दिमाग र हृदयमा रहेको हरेक प्रश्नको जवाफ दिन तयार छौं । तपाईंका प्रश्नहरू निम्नलिखित ठेगानामा पठाउनुहोस्:

शुकुनको पैगाम
पो.ब.नं. १६१५
काठमाडौं, नेपाल
इमेल : sukunkopaigam@yahoo.com
मो.नं. ९८०८०८३५२०
Mobile No. : 9808083520

**परीक्षा**

प्रिय पाठक मित्र :

यदि तपाईंले २७ वटा प्रश्नहरूको सही जवाफ दिनुभयो भने, हामी तपाईंलाई अर्को किताब सित्तैंमा पठाउनेछौं ।



## प्रश्नहरू :

१. सूरह यूनुसको ९५ पदबाट तपाईं के बुझ्नुहुन्छ ?

२. के कुरआनले मर्यमाइट (मर्यमलाई अल्लाहको पत्नी मान्ने) झूटो शिक्षाप्रति आक्रमण गर्दछ, र किन ?

३. कट्टरवादी इसाइमतले (मर्यमलाई अल्लाहको पत्नी मान्ने) मर्यमाइटहरूका आस्थाहरू र झूटो शिक्षालाई (कबुल) स्वीकार गर्दछ कि इन्कार गर्दछ ?

४. (काफिर) अविश्वासी र बहुईश्वरवादीहरूमाथि गरिने हिंसक आक्रमणहरूबारे कुरआनले गर्ने आलोचनाहरू इसाइहरूमाथि लक्षित छन् कि झूटो शिक्षा सिकाउने मर्यमाइटहरूमाथि लक्षित छन् ?

५. ईसा मसीह सम्बन्धी सच्चाँ ईसाईहरूका आस्थाहरू र मर्यमाइटहरूका आस्थाहरूबीच भिन्नता देखाउनुहोस् ।

६. कुन अर्थमा ईसाईहरूले ईसा मसीहलाई "खुदाका पुत्र" भन्दछन् भनी व्याख्या गर्नुहोस् ।

७. ईसा मसीहको पुत्रपदलाई पुष्टि गर्ने उहाँकै केही भनाइहरू उल्लेख गर्नुहोस् ।

८. सूरह अल्-इख्लासमा कस्तो किसिमको जन्मलाई जनाइएको छ ?

९. के ईसा मसीह एक नबी मात्र हुनुहुन्छ ? उहाँलाई अरूसँग तुलना गर्दा के हामी सही हुन्छौं ?

१०. हिब्रूको पत्र १:१-६ र जबूर २:७ का खण्डहरूबाट तपाईंले बुझ्नुभएको कुरा छोटकरीमा लेख्नुहोस् ।

११. ईसा मसीहले इन्जीलको किताबमा तलाक सम्बन्धी आज्ञालाई कसरी व्याख्या गर्नुभयो ?

१२. ईसा मसिहले कुन परिस्थितिमा तलाक गर्न अनुमति दिनुभयो ?

१३. मद्यपान र लागुपदार्थको सेवनको सम्बन्धमा इन्जीलको किताबले के शिक्षा दिन्छ ?

१४. कुरआन र इन्जीलबीचका भिन्नताहरूले के हामीलाई तीमध्ये कुनै एउटा वा दुवै परिवर्तन भएका छन् भनी दाबी गर्न लगाउँदछन् ?

१५. ईसा मसीहलाई (सलीब) क्रूसमा टाँगिएको घटनाबारे कुरआनले उद्धृत गर्ने यहूदीहरूको गवाही के हो ?

१६. के यहूदीहरूको गवाही नै ईसा मसीह (सलीब) क्रूसमा टँगाइनुभएको कुराको एक मात्र प्रमाण हो ?

१७. ईसा मसीहको मृत्युसँग सम्बन्धित केही भविष्यवाणीहरू उल्लेख गर्नुहोस् ।

१८. प्राचीन ईसाईहरूले पहिचानको लागि कुन चिन्ह प्रयोग गरे ?

१९. प्रेरितको किताब २:२२-२४ का विषयवस्तुहरू के-के हुन् ?

२०. के ईसा मसीहले आफूलाई (सलीब) क्रूसमा टँगाइनेथियो भन्ने कुरा आफू जीवित हुनुहुँदाखेरि नै घोषणा गर्नुभएको थियो ? कहाँ ?

२१. ईसा मसीहको मृत्यु, जीवित उठाइ र (कयामत) पुनरागमनको प्रदर्शन गर्ने कुन विधि उहाँका चेलाहरूले पूरा गर्दछन् ?

२२. ईसा मसिहलाई (सलीब) क्रूसमा टाँगिएको बारेमा इन्जीलका किताबहरूले गर्ने दाबीलाई पुष्टि गर्ने कुन कुरा इतिहासमा पाइन्छ ?

२३. यहूदीहरूको दोश्रो किताबको नाउँ के हो ? के यसले ईसा मसीहलाई (सलीब) क्रूसमा टाँगिएको घटना उल्लेख गर्दछ ?

२४. ईसा मसीहको मृत्युलाई पुष्टि गर्ने कतिवटा खण्डहरू कुरआनमा छन् ?

२५. (सलीब) क्रूसमा भएको ईसा मसीहको मृत्युको सबैभन्दा बलियो प्रमाण के हो ?



२६. ईसा मसीहलाई (सलीब) क्रूसमा टाँगिएपछि, कसले पिलातससँग उहाँको लाश माग्यो ?

२७. ईसा मसीहको मृत्यु भएको तीन दिनपछि के भयो ?

२८. "त्यसको एउटा स्वरूप मात्र तिनीहरूलाई देखाइयो" भन्ने अभिव्यक्तिबाट तपाईं के बुझ्नुहुन्छ ?

२९. ईसा मसीहको सट्टामा "उहाँको स्वरूप भएको अर्कै व्यक्ति" लाई (सलीब) क्रूसमा टाँगियो भन्ने कथाको खण्डन गर्ने मुस्लिम विद्वान् को थिए ?

३०. के कुरआनले इन्जीलको सत्यता प्रमाणित गर्दछ ?

३१. कुरआनले (अह्ले किताब) किताबका मानिसहरूलाई तिनीहरूको व्यवस्थाको किताबमा भएको कुरा स्थापना गर्न लगाउँदछ कि अरू किताबहरूमा भएको कुरा ?

३२. के मुहम्मद र तिनको जातिलाई पवित्र बाइबलमाथि विश्वास गर्न भनिएको थियो ?

३३. सूरह अल-कसस २८:४९ बाट तपाईं के बुझ्नुहुन्छ ?

३४. पवित्र (पाक) बाइबल परिवर्तन गरिएको थियो भन्ने दाबी जारी रहन्छ भने, के कुरआन अस्तित्वमा रहन सक्दछ ?

३५. के संसारको सबै कुनाबाट पवित्र बाइबलका सबै प्रतिहरू जम्मा गरेर त्यसलाई परिवर्तन गर्नु सम्भव हुन्छ ?

३६. नयाँ करार (इन्जिल) के-के मिलेर बनेको छ ?

तपाईंको ठेगाना प्रष्ट रूपमा लेखेर, तपाईंका जवाफहरू हामीलाई निम्नलिखित ठेगानामा पठाउनुहोस्:

शुकुनको पैगाम
पो.ब.नं. १६१५
काठमाडौं, नेपाल
इमेल : sukunkopaigam@yahoo.com
मो.नं. ९८०८०८३५२०
Mobile No. : 9808083520



**उर्दु शब्दार्थ** :

खुदा : एक मात्र सत्य मेश्वर
खुदावन्द : एक मात्र सत्य परमेश्वर
रब : प्रभु, मालिक
कलाम : खुदाको वचन, शव्द
कुदरती : ईश्वरीय
गुनाह : पाप
दुश्मन : शत्रु
कयामत : पुनरुत्थान, मृत्युबाट फेरी जीवित भई उठ्नु
दोजक : नरक, नर्क
नबी,रसुल : अगमवक्ता
जन्नत : स्वर्ग
इन्जील : इसा मसीहमा अवतरित किताब, सुसमाचार
रुह : आत्मा
सलीब : क्रूस
ईसाई : ईसा मसीहमा इमान ल्याउने व्यक्ति
ईसा मसीह : येशू ख्रीष्ट
तलाक : विवाहविच्छेद,
दुवा : प्रार्थना
जबूर : भजन संग्रह
मोजज़े : आश्चर्य काम
अहद्नामा : करार, प्रतिज्ञा
कलामतुल्लाह : खुदाको वचन अर्थात ईसा मसीहलाई जनाउने अर्को नाम
रुहअल्लाह : खुदाको आत्मा अर्थात ईसा मसीहलाई जनाउने अर्को नाम
रुहुल कुद्दुस : पवित्र आत्मा
तौवा : पश्चात्ताप
नजात : उद्धार, मुक्ति
जलाल : महिमा
इम्मानुएल : खुदा हामीसँग
पाक : पवित्र
गुनहेंगार : पापी मानिस
मआनी : धर्मी
फरिश्ता : खुदाको दूत, स्वर्गदूत
आखिरत : अन्तिम दिन, न्यायको दिन
ह्वारी : ईसा मसिहको चेला
रुहकुद्दुस : पवित्र आत्मा
उलमा : शास्त्री
ईद फसह : निस्तार चाड़
ईमान : विश्वास, आस्था
काफिर : अविश्वासी
मुश्रिक : बहुदेववादी, मुर्त्तिपूजक
नयाँ अहदनामा : नयाँ नियम
जायज : उचित
नजायज : अनुचित